# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## प्याउली, भोजपुर
## कोशी प्रदेश, नेपाल

९८५२०८२३३३
arunrmun@gmail.com
https://arunmun.gov.np/

पत्र संख्याः २०८२/८३
चलानी नम्बरः १८१५

नेपाल संवत्:- ११४६

## जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव माग सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८३/०१/०९**

प्रस्तुत विषयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न रु. ९,००,०००।- (अक्षेरेपी नौ लाख रुपैयाँ मात्र)बजेट प्राप्त भएकोले विपन्न महिला, एकल महिला, हिंसा पीडित महिला, परिवार बाहेक कृषि तथा अन्य कुनै नियमित रोजगारी नभएको परिवारको महिलाहरुको जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न नियमानुसार दर्ता भएका संघ संस्थाहरुले जीविकोपार्जन सुधार कार्यक्रमको लागि कृषि तथा पशुपालन क्षेत्रमा काम गर्ने गरी स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को अनुसूची-४ बमोजिमको ढाँचामा उक्त कार्यविधिको दफा ११(क) बमोजिमको कागजात संलग्न गरी प्रस्तावना तयार गरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस अरुण गाउँपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। रितपूर्वक दर्ता नभएका र समय भित्र पेश हुन नआएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।

**सञ्चालन गर्ने कार्यक्रमः**

| क्र.सं. | कार्यक्रम | लक्षित समूह | लक्ष्य | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्थानीय विपन्न महिलाहरुलाई कृषि तथा पशुपालन सम्बन्धी सिप विकास तालिम/प्रविधि हस्तान्तरण/उद्यमी सहयोग | उद्यमी महिला/ उद्यमी समूह | २५ जना | न्यूनतम ५ दिन | |

**प्रस्तावनामा संलग्न हुनुपर्ने विवरणहरु कागजातहरुः**

१. प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
२. प्रत्येक वर्षको लेखापरीक्षण सम्पन्न गरी सोको प्रतिवेदन तयार भएको,
३. कालो सूचिमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्वःघोषणपत्र,
४. प्रस्ताव दर्ता संस्थाले विपन्न एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरी व्यवसायीक सम्भाव्यता समेत उल्लख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्तावना पेश गर्नु पर्नेछ,
५. प्रस्ताव स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ अनुसार हुनु पर्नेछ।

..............................
जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत